# लूकाको पुस्तक
# (Book of Luke)

लेखक:
जोन एम. फाउलर
**(John M. Fowler)**

भावानुवादक
भजुराम तखाछैं श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
नेपाल सेक्सन
नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग
प्रथम संस्करण : २०७१-७२ (ई.सं. २०१५)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशक सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**
प्रुफरिडिङ्गः **सुमित्रा तथा राकेश लामिछाने**
**प्रकाशक:** पा. उमेश कुमार पोखरेल,
अध्यक्षः नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com
**नेपाल सेक्सन पब्लिशिङ्ग निर्देशक: पास्टर कुमार अधिकारी**
सम्पर्क:- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्‌धृत गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्‌धृत गरिएका छन्।

# भूमिका

## “लूकाको पुस्तक " चिकित्सकको आँखामा येशू

"उक्त स्वइच्छाले बेपत्ता भएको छोरो उठ्यो र आफ्नो बाबु भएको ठाउँमा गयो। जब आफ्नो छोरो टाढैबाट आएको बाबुले देखे, उनको हृदय आफ्नो छोरोप्रति कोमल मायाले भरियो उनी आफ्नो छोरोलाई भेट्न दगुरेर गए। आफ्नो छोरोलाई उनले अङ्गालो मारे र म्वाइ खाए।" (लूका १५:२० रूपान्तरित)।

बाइबल पढ्ने प्रत्येक विश्वासीलाई यो कथा थाहा छ। यो कथा विश्वको अत्यन्त लोकप्रिय र अति मनपर्ने कथाहरूको सङ्गालोबाट आएको हो। तर सरल सुसमाचार प्रचार गर्ने चिकित्सकले आफ्नो मित्र थियोफिलसलाई लेखेको पत्रमा यो कथा समावेश नभएको भए यस सान्दर्भिक कथा हामी कसैलाई थाहा हुने थिएन।

त्यो चिकित्सक वा डाक्टरको नाउँ हो लूका। लूका यहूदी जातका विश्वासी थिएनन्। यहूदीहरूको बीचमा म्लेच्छ वा अन्य जाति भनेर सम्बोधन गरेका जातबाट लूका आएका थिए। अनि हामी उनले लेखेका पुस्तकलाई "लूकाको सुसमाचार" भनेर कहलिएको हामी सबैलाई थाहा छ। लूकाले प्रेरितको पुस्तक पनि लेखेका थिए। उनी पावलको सहयात्री थिए, त्यसकारण सारा रोमी साम्राज्यमा फैलिएको येशूलाई विश्वासमा चल्ने महान् अभियानको शिक्षार्थी थियो। उक्त अभियानलाई लेखा राख्न उनी होशियारसाथ प्रत्यक्षदर्शी भएका थिए। पावलको निकट भएको हुनाले इसाई चर्चको गहिरो अर्थ बुझ्न उनलाई सघाएको थियो। पावलसँग भएकै कारण अरू मानिसको जीवनमा महान् मनोक्रान्ती ल्याउने येशू ख्रीष्टको बारेमा गहिरोसँग बुझ्न अवसर पाएका थिए। त्यसकारण पवित्र आत्माको अगुवाइमा लूकाले दुई ठेलीका पुस्तक लेखेः सुसमाचारको पुस्तक र प्रेरितको पुस्तक। तिनीहरूलाई "इसाई चर्चको सुरू र इतिहास" भनेर पनि कहलाउन सक्छ।

लूकाले लेखेको पुस्तकको पहिलो भाग लूकाको सुसमाचार हो। उपरोक्त सुसमाचारको पुस्तक प्रेरितको पुस्तक लेख्नुभन्दा पहिले लेखिएको थियो र यो पुस्तक थियोफिलिसलाई सुम्पिएको थियो (प्रेरित १:१)। धेरै

खोजनिति गर्ने बाइबलका विद्वानहरूले लूकाको पुस्तक ई.सन् ६१-६३मा लेखेको भनेर निश्कर्ष निकालेका छन्।

थियोफिलिस गैर-यहूदी अर्थात् ग्रीक वा युनानी विश्वासी थिए। लूकाले आफ्नो पुस्तक ग्रीक र अन्यजाति अर्थात् यहूदीहरूले आफ्नो जातमा नहुने मानिसहरूलाई म्लेच्छ भनेर सम्बोधन गरिएका विश्वासीहरूको निम्ति लेखेका थिए। तर लूकाले येशूको यहूदी घरानालाई बिर्सेका थिएनन्। येशू यहूदी वंशबाट आउनुभएको थियो भनेर बिर्सेका थिएनन्। सुसमाचारको पुस्तकको अर्को लेखक मत्तीले आफ्नो पुस्तक यहूदीहरूको निम्ति लेखेका थिए। त्यसकारण उनले यहूदीहरूले अपेक्षा गरेको मसीह वा अभिषेक गरिएको व्यक्ति येशू नै हुनुहुन्छ भनेर ठोकुवा गरेर लेखेका थिए। अर्को लेखक मर्कूसले आफ्नो सुसमाचारको पुस्तक रोमीहरूको निम्ति लेखेका थिए। त्यसकारण रोमी साम्राज्यलाई चुनौती दिने सन्देश परमेश्वरको राज्यको बारेमा प्रचार गर्दै येशू इस्रायलको भूमिमा डुल्नुभएको थियो। सुसमाचारको पुस्तकको अर्को लेखक यूहन्नाले येशूलाई वचन, सृष्टिकर्ता र परमेश्वरको पुत्र भनेर सम्बोधन गर्दै लेखेका थिए। तर लूकाले आफ्नो पुस्तक अन्यजातिहरूले येशूलाई चिनुन् भनेर लेखेका थिए। लूकाले सारा संसारलाई येशू मानिसको पुत्र, संसारको मुक्तिदाता र मानिसहरूको परममित्रको चित्रण गर्दै लेखेका थिए। सुसमाचार कुनै जाति र राष्ट्रमा निहित नभएर सबै मानवको निम्ति हो आफ्नो सुसमाचारको पुस्तकमा स्पष्ट पारेका छन्। त्यसकारण लूकाले येशूको बंशावली लेख्दा उहाँको जड आदमसम्म पुऱ्याएर परमेश्वरसँग जोडेका थिए। तर मत्तीले येशूको वंशावली अब्राहमसम्म पुऱ्याएर रोक्दछन्। अब्राहम यहूदीहरूका पूर्खा थिए (लूका ३:२३-३८सँग मत्ती १:१-१७ तुलना गर्दा उपरोक्त जानकारी प्राप्त हुन्छ)।

नयाँ करारमा लूकाको सुसमाचारको पुस्तक सबभन्दा ठूलो छ। येशूका कतिपय आश्चर्य कामहरू केवल लूकाको पुस्तकमा मात्र पाइन्छ। नैनको बिधुवीको छोरालाई जीवित पार्नुभएको (लूका ७:११-१७) र येशूलाई पक्रन आउँदा रिसको झोंकमा पत्रुसले मलकुसको कान काट्दा येशूले निको पार्नुभएको कथा (लूका २२:५०,५१) केही उदाहरणहरू

हुन्। (अरू आश्चर्य कामको विवरण हेर्नुहोस्: लूका ५:४-११, लूका १३:११-१७, लूका १४:१-६, लूका १७:११-१९)। कतिपय दृष्टान्त वा अर्ती वा नीतिकथाहरू केवल लूकामा मात्र भएको पाउँछौं। तिनीहरूमा केही प्रख्यात कथाहरू असल सामरी (लूका १०:३०-३७), मूर्ख धनाढ्य मानिस (लूका १२:१६-२१), बेपत्ता भएको वा उडन्ता पुत्र (लूका १५:११-३२), धनी मानिस र लाजरस (लूका १२:१६-३१), र फरिसी र सरकारी कर्मचारी (लूका १८:१०-१४) हुन्। जक्कैको कथा पनि लूकाको विशेष लोकप्रिय कथा हुन् (लूका १९:१-१०)।

पवित्र आत्माको अगुवाइमा लूकाले ऐतिहासिक समाग्रीहरू अध्ययन गरेको र प्रत्यक्षदर्शीहरूसँग अन्तर्वार्ता लिएर आफ्नो पुस्तक लेखेका हुन् भनेर उनले दावी गर्दछन् (लूका १:२)। सबै कुरा राम्रोसँग बुझेरमात्र क्रमवद्ध रूपमा येशूको जीवन कहानी लेखेको हो भनेर उनले भन्दछन्। येशूको बारेमा उनको विवरणको उद्देश्य आफ्नो पाठक वर्गले येशू र उहाँको सुसमाचार सत्य हो भनेर जानुन्। (पद ३ र ४ पनि पढ्नुहोस्)।

एक जना प्रसिद्ध अध्यात्मिक चिन्तक जेम्स डेनीलाई कसैले सोधेका थिए "येशूको बारेमा असल जीवनकहानी पढ्नुपर्दा कुन् पुस्तक पढ्ने?" उनले जवाफ दिए “के तपाईंले लूकाले लेखेका पुस्तक पढ्नुभएको छ?"

कस्तो असल सुझाव! विश्वव्यापी चर्चको सदस्य भएको हैशियतले लूकाको पुस्तक सबैजना मिलेर पढौं।

*जोन एम. फाउलर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा ५३ वर्षसम्म विभिन्न पदहरू सम्हालेर काम गर्नभएको थियो। उहाँ पास्टर, दर्शन र धार्मिक शिक्षक, सम्पादक र शिक्षाविद तथा शिक्षाप्रशासक हुनुभएको थियो। उहाँले धेरै फुटकर लेख र किताबहरू लेख्नुभएको थियो। उहाँले यस खालका दुई बाइबल अध्ययन पुस्तक लेखेका थिए: ख्रीष्ट र शैतानको बीचमा भइरहेको द्वन्द (२००२) र* एफिसीको पुस्तक: पारस्परिक सम्बन्धको सुसमाचार (२००५)।

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. येशूको मानविय जन्म | १ |
| २. येशूको बप्तिसमा र परिक्षा | १६ |
| ३. यथार्थमा येशू को हुनुहुन्छ ? | ३१ |
| ४. येशूको अनुशासित भक्त हुन आह्वान | ४९ |
| ५. येशू ख्रीष्ट सब्बाथको प्रभु | ६८ |
| ६. येशूको सेवाकार्यमा महिलाको सहभागिता | ८६ |
| ७. येशू, पवित्र आत्मा र प्रार्थना | १०३ |
| ८. यस संसारमा येशू आउनुको लक्ष्य | ११७ |
| ९. येशू, गूरुहरुका उत्कृष्ट गुरु | १३५ |
| १०. दैनिक जीवनमा आफू येशू भक्त | १५३ |
| ११. परमेश्वरको राज्य | १७० |
| १२. यरुशलेममा येशू | १८५ |
| १३. क्रुसमा टाँगिनुभएको येशू | २०१ |

## अस्थाई पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असार ५-११, २०७२(जुन २६, २०१५)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १४-२० (मार्च २८-अप्रिल ३) |
| २ | अध्याय २ | चैत्र २१-२७ (अप्रिल ४-१०) |
| ३ | अध्याय ३ | चैत्र २८-बैशाख ४(अप्रिल ११-१७) |
| ४ | अध्याय ४ | बैशाख ५-११(अप्रिल १८-२४) |
| ५ | अध्याय ५ | बैशाख १२–१८ (अप्रिल २५–मे १) |
| ६ | अध्याय ६ | बैशाख १९-२५(मे २-८) |
| ७ | अध्याय ७ | बैशाख २६ -जेठ १ (मे ९-१५) |
| ८ | अध्याय ८ | जेठ २-८ (मे १६-२२) |
| ९ | अध्याय ९ | जेठ ९-१५ (मे २३-२९) |
| १० | अध्याय १० | जेठ १६-२२(मे ३० जुन ५) |
| ११ | अध्याय ११ | जेठ २३-२९ (जुन ६-१२) |
| १२ | अध्याय १२ | जेठ ३०-असार ४(जुन १३-१९) |
| १३ | अध्याय १३ | असार ५-११(जुन २०-२६) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | चैत्र १४-२० (मार्च २८-अप्रिल ३) | | | | | | | |
| २ | चैत्र २१-२७ (अप्रिल ४-१०) | | | | | | | |
| ३ | चैत्र २८-बैशाख ४(अप्रिल ११-१७) | | | | | | | |
| ४ | बैशाख ५-११(अप्रिल १८-२४) | | | | | | | |
| ५ | बैशाख १२-१८ (अप्रिल २५-मे १) | | | | | | | |
| ६ | बैशाख १९-२५(मे २-८) | | | | | | | |
| ७ | बैशाख २६ -जेठ १ (मे ९-१५) | | | | | | | |
| ८ | जेठ २-८ (मे १६-२२) | | | | | | | |
| ९ | जेठ ९-१५ (मे २३-२९) | | | | | | | |
| १० | जेठ १६-२२(मे ३० जुन ५) | | | | | | | |
| ११ | जेठ २३-२९ (जुन ६-१२) | | | | | | | |
| १२ | जेठ ३०-असार ४(जुन १३-१९) | | | | | | | |
| १३ | असार ५-११(जुन २०-२६) | | | | | | | |